जनवरी २२, २०१०

प्रिय आमावावुहरु तथा अभिभावकहरु :

सार्वजनिक विद्यालयका विद्यार्थीहरु तथा कर्मचारीहरुको वर्णगत र जातीय गत तथ्यांक संकलन गर्नका लागि सम्युक्त राज्यको शिक्षा विभागवाट नयाँ मार्गदर्शनहरु प्राप्त भएको वारे यहाँलाई अवगत गराउन यो पत्र लेख्दैछु। सवै राज्य सरकारहरुले यस्तो सूचना संकलन गर्नु पर्ने भनी संघीय सरकारले भनेको छ र यस सन्दर्भमा नयाँ वर्गीकरणहरु समेत समावेश हुने गरी वर्णगत एवं जातीयगत प्रतिवेदन वनाउका लागि नयाँ पद्धतिको विकास गरेको छ।

राष्ट्रको वर्णगत तथा जातीयगत विविधताको वढी यथार्थ चित्र प्रस्तुत गर्नका लागि संघीय सरकारले यी नयाँ वगींकरणहरुको विकास गरेको छ। जस्ले गर्दा व्यक्तिहरुलाई एक भन्दा बढि जातीयगत तथा वर्णगत वर्गीकरणहरुमा आबश्यक्ता परे अनुसार पहिचान गराउन सक्दछ। बिगतमा भने मार्गदर्शनहरुले व्यक्तिहरुलाई एउटा मात्र वर्णगत वर्गीकरणलाई पहिचान गराउन सकिन्थ्यो।

नया जातीगत तथा वर्णगत वर्गीकरण अनुसार संकलन हुने बिधार्थीको तथ्याँकलाई हाल सम्म प्रयोग गरिने गरिएको जस्तै तरीका अवलम्वन गरी प्रयोग गरिने छ। उदाहरणार्थ, कोलोराडो स्टेट एसेसमेण्ट प्रोग्राम- सि एस एपीमा प्राप्ताङ्क (स्कोर) तथा स्नातकगर्नेको दरहरु तथा पढाइ छोडेर जानेको दरहरु जस्ता विद्यार्थीहरुको उपलब्धि सम्वन्धी समष्टिकृत सूचनाका नतीजाहरु माथि प्रतिवेदन र विश्लेषण गर्नका लागि संघीय सरकार तथा कोलोराडो राज्यले यो वर्णगत र जातीयगत तथ्याँकलाई प्रयोग गर्ने गर्दछन्। विद्यार्थीको भर्ना सम्बन्धि परिवर्तन, उनिहरुको कार्य दक्षता तथा परिणामहरुको आधारमा उनीहरु हकदार भएका शैक्षिक कार्यक्रमहरु तथा सेवाहरु सवै विद्यार्थीहरुले पाउन सकुन भन्ने कुरालाई सुनिश्चित गर्नमा यी प्रतिवेदनहरुले सघाउ पुऱ्याउदछन्।

कृपया संलग्न प्रश्नावली भर्नुहोस र यसलाई यसै साथ रहेको ठेगाना लेखिएको खाममा हालेर मार्च १, २०१० सम्ममा आइ पुग्ने गरी फीर्ता पठाउनुहोस। फायलमा भए अनुसारको तपाइको वच्चाको हालको वर्णगत/जातीयगत संज्ञाको जानकारी तपाइको सुविधाका लागि यसै साथ पठाइएको छ। कृपया याद गर्नुहोस यदि यसमा माग गरिए अनुसारको जानकारी तपाइले दिन नचाहनु भए पनि ए पि एसले नै तपाइको तर्फवाट यस प्रश्नावलीको उत्तर भरेर पठाउनु पर्दछ। राज्यहरु तथा डिस्ट्रीक्टहरुवाट समष्टीगत संख्या उपलब्ध गर्नका लागि तथ्याँक संकलनगर्ने कार्यनै छुट्नु भन्दा यस किसिमले तथ्याँक लिनु उपयुक्त हुने कुरामा संघीय सरकार विश्वास गर्दछ।

विद्यार्थीको तथ्यांकको प्रतिवेदनगर्नका लागि छुट्याइने वर्गीकरणहरुका वारेमा अरु वढी जानकारी लिनका लागि लेह विल्किनसनलाई कृपया नं. ३०३-३४४-२२०९ मा सम्पर्क गर्नुहोस।

कोलोराडो एक्रिडिटेशन रुल्स (प्रत्ययनपत्र दिने काम सम्वन्धी कोलोराडोका नियमहरु ) तथा *नो चाइल्ड लेफ्ट बिहाइन्ड एक्ट* (कुनै पनि वालवालिकालाई नछुट्याइने सम्वन्धी कानून) मा आधारित भै तपाइको वच्चाको विद्यालयको वारेमा तथा ए पि एस को कार्य सम्पादनका वारेमा तपाइले कसरी जानकारी लिन सक्नु हुने छ भन्ने कुरा जान्नका लागि म तपाइसंग आफ्नो कुरा वाडचुड गर्न चाहन्छु। सि एस एपी का प्राप्ताङ्कहरु (स्कोर्स), एडिकुएट इयर्ली प्रोग्रेस (पर्याप्त वार्षिक प्रगति), शिक्षकहरुको योग्यताहरु, स्नातकगर्नेहरुको दरहरु, पढाइ छोडेर जानेहरुको दरहरु, तथा ए सि टी का प्राप्ताङ्कहरु (स्कोर्स) सम्वन्धी कुराहरु हेर्नका लागि कृपया www.aps.k12.co.us/update/ मा जानुहोस। यदि तपाइ यस जानकारी भएको विवरण छापिएका प्रतिहरु लिन चाहनु हुन्छ भने कृपया नं. ३०३-३६५-७८०५ मा फोन गर्नुहोस।

भवदीय,

जोहन एल ब्यारी (John L. Barry)
स्कुल्स सुपरिटेन्डेन्ट (Superintendent of Schools)
संलग्न : आमावावुहरु/अभिभावकहरुका निम्ति प्रश्नावलीहरु